# अर्जुनचौपारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा

प.सं. ०७९/०८०
च.नं.

गण्डकी प्रदेश, नेपाल


**साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना। (प्रथम पटक प्रकाशित मितिः २०७९/०६/३१)**

यस अर्जुनचौपारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास तथा पशु सेवा शाखाको आ.व २०७९/०८० को स्वीकृत सशर्त अनुदान अन्तर्गतका तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले ईच्छुक कृषक समुह/सहकारी/कृषि फर्म उपभोक्ता समितिले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन (२०७९/०७/३०) भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी अर्जुनचौपारी गाउँपालिकाको कृषि विकास तथा पशुसेवा शाखामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

| क.स | कार्यक्रमको नाम | क्षेत्रफल/संख्या | बजेट रु. (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १ | सुन्तलाजात फलफुलको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | ७ हेक्टर (१४० रोपनी) | १२ | सम्पूर्ण कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल बमोजिम सञ्चालन हुनेछ। |
| २ | आ.व २०७८/७९ मा स्थापना भएका कृषि तर्फका सुन्तलाजात फलफुलको साना व्यावसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम निरन्तरता | ७ हेक्टर (१४० रोपनी) | १२ | |
| ३ | बाखाको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | १००० संख्या | १५ | |
| ४ | आ.व. २०७८/७९ मा स्थापना भएको बाखाको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | १००० संख्या | ७ | |
| ५ | मासु मिसन कार्यक्रम अन्तर्गत पाडा प्रवर्धन | - | २० | |

**आवश्यक कागजातहरु :**

१) कृषक समुह/सहकारी/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
२) पकेट माग गर्ने सम्बन्धी कार्य समितिको निर्णयको प्रतिलिपि।
३) कृषक समुह/सहकारी/कृषि फर्मको अध्यक्ष/प्रोपाईटरका नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
४) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतापत्र।
५) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको अनुसूचि-६ बमोजिमको ढाँचामा निवेदन र अनुसूचि-७ बमोजिको ढाँचामा तथ्याङ्क विवरण।
६) वडा कार्यालयको सिफारिस पत्र।

- *आवेदन फारम र आधारभूत तथ्याङ्क फारम यस कार्यालयको वेभसाइट www.arjunchauparimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।*
- *थप जानकारीका लागि अर्जुनचौपारी गाउँपालिका कृषि विकास शाखा तथा पशु सेवा शाखा (ओम बहादुर रोकाहा-९८४६००५४६५, सन्जिव ढुंगाना- ९८४३७७०१७६) मा सम्पर्क गर्नुहोला।*

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत